फोन नं. ०७५-५२०१४५

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा

**प्रस्ताव अव्हानको सूचना**

**२०८०/८१ सूचना नं. २**

**मिति २०८०/८/२०**

यस विज्ञ केन्द्रको आ.व.२०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनीहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस केन्द्रमा तपशिलका आवश्यक कागजातहरु सहित आवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। प्रस्तावनाको साथमा पेश गर्नु पर्ने निवेदन/प्रस्तावनको ढाँचा,संलग्न गर्नु पर्ने कागजातहरु र मापदण्ड यस कार्यालयको वेवसाइड *www.vethospalpa.gov.np* /सुचना पाटीवाट पनि प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत अनुरोध छ।

| क्र.स. | कार्यक्रमको नाम | संचालन हुने स्थान | न्यूनतम कार्यक्रम संचालनको मापदण्ड | संचलन गर्न सकिने कृयाकलापहरु | कार्यक्रम संचालनको लागत साझेदारी र सिमा |
|---|---|---|---|---|---|
| १ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान रकम रु १ करोड<br>**क. दुध उत्पादन** | जिल्ला भर | • गत आ.व. को श्रावण महिना देखि असार मसान्त सम्म गरेको दुधको कारोवारको अभिलेख पेश गर्नु पर्ने,<br>• समूह वा सहकारी वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले संस्थागत रुपमा खरिद बिक्री गरेको हुनुपर्ने,<br>• समूह वा सहकारी वा फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीले दुधको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पादको कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने,<br>• दुधको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने,<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने,<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने,<br>• प्रति समूह/सहकारी/कम्पनीले तराईमा मासिक औषत कम्तीमा ७००० लिटर र पहाडमा मासिक औषत कम्तीमा ३००० लिटर उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | • आवेदकको नागरिकताको प्रतिलिपि,<br>• सहकारी वा कम्पनीले संस्थागत अभिलेख,<br>• जिल्ला स्थित विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• सहकारीले आफै बिक्री वितरण गर्ने भए बिक्री अभिलेख र थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण,<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख,<br>• सहकारी वा संस्थागत रूपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख,<br>• स्थायी लेखा नं., करचुक्ता कागजात,<br>• दुधको कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन र आवेदकको बैक खाता नं.। | प्रति लिटर अधिकतम रु. २/- (कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |

दुगा प्रसाद

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
तानसेन, पाल्पा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • निजी फर्म वा कम्पनी वा निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औषत कम्तीमा २५०० लि. उत्पादन तथा बिक्री गरेको हुनु पर्ने, | | |
| | **ख. मासु ,माछा र अण्डा उत्पादन** | जिल्ला भर | • गत आ.व. को उत्पादन गरेको बाख्रा, भेडा, बगुंर, अण्डा तथा माछाको मासु कारोवारको अभिलेख पेश गर्नु पर्ने ।<br>• समूह वा सहकारी वा निजी उद्यमीले (जिउंदो) मासु/माछा/अण्डाको उत्पादन रेकर्ड पारदर्शी रूपमा उत्पाद कृषकको नामावली सहित विवरण राखेको हुनु पर्ने ।<br>• वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/रागां/माछा/अण्डा उत्पादक संस्थाले आफैले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने।<br>• मासु वा माछा वा /अण्डाको उत्पादन रेकर्ड वडा/स्थानीय तह/जिल्ला स्थित पशु सेवा कार्यालयका प्राविधिकले प्रमाणित गरेको हुनु पर्ने।<br>• पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने ।<br>• प्राविधिक प्रतिवेदन जिल्ला स्थित विषयगत कार्यालय वा स्थानीय तहबाट तयार भएको हुनुपर्ने।वार्षिक सङ्कलित बिक्री योग्य खसी/बोका/भेंडा/बगुंर/ राँगा/माछा उत्पादक सहकारी संस्था आफैंले पालन गरेको वा सदस्य कृषकहरूबाट खरिद गरेको हुनुपर्ने,<br>• खसी/बोका/भेंडाको हकमा सहकारीबाट १०० वा बंगुरको हकमा प्रति सहकारी प्रति वर्ष ४० वा राँगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको कारोबार गरेको हुनुपर्ने<br>• निजीको हकमा खसी वोका ५० वा राँगा २० वा बंगुर २५ गोटा प्रति वर्ष विक्रिको कारोबार गरेको हुनुपर्ने<br>• माछा उत्पादनमाः निजीको हकमा तराईमा २ मे.ट, पहाडमा १ मे.ट प्रति वर्ष विक्रि कारोबार गरेको हुनुपर्ने। सहकारीको हकमा १० मे.ट वार्षिक कारोबार गरेको हुनुपर्ने। | • पशु पन्छी वा माछा पालकको अभिलेख।<br>• सम्बन्धित वडा वा स्थानीय तह वा जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयको निरीक्षण सहितको प्राविधिक प्रतिवेदन,<br>• बीमा गरिएको भए बीमालेख।<br>• आवेदकको खरिद बिक्री अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण।<br>• कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन।<br>• आवेदकको बैक खाता नं.। | प्रति कि.ग्रा. अधिकतम<br>जिउँदो खसी/बोका/भेडाको हकमा रु. २५ का दरले,<br>जिउँदो रांगाको हकमा बरु. १५ का दरले,<br>जिउँदो बगुंरको हकमा रु. १५ का दरले,<br>माछाको हकमा रु. १५ का दरले,<br>अण्डाको हकमा रु २५० प्रति हजार गोटाका दरले।<br>(कृषकलाई बैंक मार्फत भुक्तानी हुने) |

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
तानसेन, पाल्पा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • अण्डा उत्पादनः मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। | | |
| २ | पोषण सुधार लागि ग्रामिण कुखुरापालन पालन कार्यक्रम संख्या- २ बजेट- १० लाख | जिल्ला भर | (क) खोर सुधार वा निर्माण,<br>(ख) पोषण आहारा व्यवस्थापन,<br>(ग) खोप र उपचार,<br>(घ) उच्च नस्लका पाठापाठी तथा चल्ला वितरण,<br>(ङ) तालिम,<br>(च) दाना पानीका भाँडा,<br>(छ) परजीवि नियन्त्रण, | • सरोकारवालाको समन्वयमा विपन्न समुदाय (दलित, महिला, मुक्त कमैया, पिछडा वर्ग, जनजाति र अन्य)मा प्राथमिकता दिई स्थान र कृषकको छनोट गर्ने,<br>• कुखुरापालनको हकमा कम्तीमा २५ जना र बङ्गुरपालनको कम्तीमा २० जना कृषकहरूको समूह भएको गाउँ नै उत्पादन कलष्टर हुने गरी सञ्चालन हुनु पर्ने,<br>• कुखुराको हकमा प्रति कृषक ५० वटा ६ हप्ता हुर्किएको कुखुराको चल्ला र बँगुर तथा सुँगुरको हकमा प्रति कृषक ४५ दिन हुर्किएको ३ वटा पाठापठी वितरण गर्नु पर्ने,<br>• कार्यालयले चौथो तहका प्राविधिकहरूलाई परिचालन गरी सामाजिक परिचालन, प्राविधिक परामर्श/सेवा दिनुपर्ने।<br>• अनुसूची ३३ बमोजिम गर्ने। | • कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने,<br>• पूर्वाधार निर्माणमा ७५ प्रतिशत र अन्य उत्पादनमूलक क्रियाकलापमा शत प्रतिशत अनुदान। |
| ३ | डेरि तथा मासु पसल सुधार संख्या-३ वजेट रु. ६लाख | जिल्ला भर | • सहभागी हुने प्रस्तावकले दैनिक रुपमा तराईमा ४०० लिटर र पहाडमा २०० लिटर दुध संकलन भएको हुनुपर्ने।<br>• अनुसूची ३० अनुसारको मापदण्ड पूरा गरेको हुनु पर्ने ।<br>• स्वस्थ,स्वच्छ मासु विक्रि वितरण गर्नु पर्ने ।<br>• सहभागी हुने आवेदकले दैनिक ठूलो पशुको हकमा कम्तिमा १०० किलो, साना पशु तथा पन्छीको हकमा कम्तिमा ५० किलो मासु बिक्री वितरण गरिरहेको हुनु पर्ने।<br>• अनुसूची ३0 अनुसारको मापदण्ड पूरा गर्ने योजना हुनु पर्नेछ।<br>• स्थानीय तहका शहरउन्मुख क्षेत्रलाई लक्षित गरी मासुको बिक्री वितरणमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने मासु उद्यमी/मासु व्यवसायीहरुले प्राथमिकता पाउनेछन्। | • Stainless Steel मिल्क क्यानडिप ,किल्क एनालाईजर , क्रिम ,प्याकेगिङ मेसिन ,फ्रिज चिलिङ भ्याट ,सेपेरेटर आदिको खरिद गर्ने ।<br>• डेरी पसलको सजावट पानी र फोहोर व्यवस्थापन आदि ।<br>• डरी पसलको बिक्री कक्षको भुई नचिप्लने पानी नजम्ने र , नसोस्ने किसिमले ढलानगर्न वा टायल मार्वल लगाउन/<br>• डेरी पसलमा प्रयोग गरिने<br>• औजारउपकरणहरु खरिद गर्ने / ।<br>• अनुसूची ३० अनुसारको मापदण्ड पूरा गर्ने कृयाकलापहरू । | ५० प्रतिशत अनुदान । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • पशुवध गर्दा निस्कने फोहोर व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने। | | |
| ४ | वंगुर मासु प्रशोधन केन्द्र-१ | जिल्ला भर | • प्रशोधन केन्द्रको लागि आवश्यक पूर्वाधार र मेसिनरी औजार खरिद,<br>• शोरुम, रेफ्रीजेरेशन एकाइ<br>• एकाउण्टीङ/विलिङ प्रणाली स्थापना तथा सुधार<br>• अभिलेखीकरण र प्रतिवेदन। | निम्न मापदण्ड अनुसार सञ्चालनको छनोट गर्नेछ;<br>• बाटो, यातायात, बजार भएको शहर उन्मुख क्षेत्र हुनु पर्नेछ,<br>• मासु प्रशोधन उद्देश्य लिई दर्ता भएको फर्म/कृषक/कृषक समूह/सहकारी हुनुपर्ने,<br>• वध गर्दा निस्कने फोहोरको उचित व्यवस्था भएको हुनु पर्ने,<br>• मासु प्रशोधनको लागि दीर्घकालिन योजना सहित कम्तीमा ३ वर्ष सञ्चालन गर्ने प्रतिवद्धता हुनुपर्ने। | • कुल लागतको निजीको हकमा अधिकतम ५० प्रतिशत र सामुदायिकको हकमा अधिकतम ७५ प्रतिशत<br>• प्रति योजना अधिकतम रु. १० लाख |
| ५ | घाँसको स्रोत केन्द्र स्थापना-१ | जिल्ला भर | • नर्सरी स्थापना, बीउ, सेट्स, स्लिप, सकर, कटिङ्ग खरिद<br>• औजार उपकरण तथा अन्य उत्पादन सामग्री खरिद,<br>• सिंचाई पूर्वाधार निर्माण र व्यवस्थापन,<br>• कारोबारको अभिलेखीकरण,<br>• अभिलेखीकरण र प्रतिवेदन। | • कृषक/कृषक समूह/सहकारी/फर्म/कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,<br>• वर्षे र बहु वर्षे घाँसको बीउ उत्पादनको हकमा तराईमा ३ हेक्टर र पहाडमा कम्तीमा २ हेक्टर हुनुपर्ने,<br>• घाँसको सेट्स/सिलिप/सकर/कटिङ्ग उत्पादनको हकमा कम्तीमा ०.५ हेक्टर हुनुपर्ने,<br>• डाले घाँसको बिरुवा उत्पादनको हकमा कम्तीमा ०.२५ हेक्टर हुनुपर्ने,<br>• अनुसूची १४ र १५ अनुसार घाँस खेती गरिएको हुनुपर्ने।<br>• कम्तीमा ५ वर्ष सञ्चालनको प्रतिवद्धता हुनुपर्ने। | अधिकतम ७५ प्रतिशत अनुदान प्रति योजना अधिकतम रु. २.५ लाख |
| ६ | समुदायको व्यवस्थापनमा सञ्चालित बाख्रा (खरी) श्रोत केन्द्र स्थापना पटक-१ बजेट- रु २५ लाख | जिल्ला भर | • शुद्ध जातको प्रजनन योग्य खरि वोका खरिद,<br>• उन्नत जातको घाँस खेती, डाले घाँसको नर्सरी स्थापना,<br>• खोर निर्माण/सुधार,<br>• प्रजनन, आहारा, स्वास्थ्य सम्बन्धी क्रियाकलाप सञ्चालन,<br>• मेशिनरी औजार खरिद, | • श्रोत केन्द्रमा कम्तीमा १०० माउ बाख्रा पालन गरेको हुनुपर्ने,<br>• कम्तीमा २५ खरी बाख्रा पालक कृषक समावेश गरी (प्रति घरधुरी कम्तीमा ३ वटा प्रजनन योग्य बाख्रा पालन गरेको हुनुपर्ने),<br>• बाख्रापालनको लागि चरन, पानीको स्रोत, डाले तथा | • कुल लागतको अधिकतम ७५ प्रतिशत<br>• प्रति योजना अधिकतम रू. २५ लाख अनुदान। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ● क्षमता अभिवृद्धि कार्यक्रम,<br>● आन्तरिक तथा वाह्य परजीवी नियन्त्रण।<br>● अनुसूची-१४ अनुसार गर्ने। | भूईँघासको उत्पादनको लागि जग्गा उपलब्ध भएको हुनुपर्ने,<br>● बाटो तथा बजारीकरणको पहुँच भएको हुनुपर्ने,<br>● बाख्राको जातिय वंशको अभिलेख व्यवस्थापन गरेको हुनुपर्ने वा गर्नुपर्ने। | |
| | | | | | |
| ७ | नयाँ पोखरी निर्माण हेक्टर-१ | जिल्ला भर | ●पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला नहरको व्यवस्था भएको /कुलो/ हुनुपर्ने ।<br>●तराईको हकमा कम्तिमा ३ कठ्ठा र पहाडी क्षेत्रमा १ रोपनी भन्दा बढि जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरीको निर्माण गर्नु पर्ने ।<br>●पोखरी निर्माणको लागि माटो उपयुक्त हुनु पर्ने ।<br>●नयाँ निर्माण गरिने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा १० वर्षको हुनु पर्ने ।<br>●सडकविजुली बत्तीको सुविधा भएको , हुनु पर्ने ।<br>●पोखरीको गहिराई कम्तिमा १मिटर २. हुनुपर्ने ।<br>●कार्यालयले दिएको मापदण्ड पूरा गर्नुपर्ने । | कार्यलयले उपलब्ध गराएको लेआउट तथा डिजाईन अनुसार आवेदकले नयाँ पोखरी निर्माण गर्नु पर्ने । | ● अधिकतम ५० प्रतिशत वा प्रति हेक्टर अधिकतम रु. ५ लाख (पहाडी जिल्लामा रु. ७.५ लाख) मध्ये जुन कम हुन आउँछ। |
| | | | | | |

संलग्न गर्नु पर्ने कागजातहरुः

१. प्रस्तावकको निवेदन। (अनुसूची ३५ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-३८ बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।

जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र)।

**नोट**: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सूचनाको ढाँचा तथा अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ साथै कार्यक्रमको प्रकृति अनुसार कागजातहरुको विवरण थपघट गर्न सकिने छ। संपर्कका लागि ९८५७०६०८३६ र ९८६४४५०८४१